बाल सन्दर्भसामग्री

बालबोध - ५४

# केही पौरखी नेपालीहरू



920
CDC-k
063 c.2

बाल सन्दर्भसामग्री

बालबोध - ५४

920
CDC-K
2063

# केही पौरखी नेपालीहरू

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

लेखन : अनन्तप्रसाद वाग्ले

कार्यक्रम संयोजन : शम्भुप्रसाद दाहाल

सामग्री सम्पादन : जयप्रसाद लम्साल

भाषा सम्पादन : विष्णुप्रसाद अधिकारी
लोकप्रकाश पण्डित

आवरण तथा रूपविन्यास : हिमालय गौतम

चित्राङ्कन : राजन काफ्ले

ISBN: 99933-714-7-5

पहिलो संस्करण : वि. सं. २०६३

मुद्रण : ५,००० प्रति

मुद्रक : चित्रवन प्रिन्टर्स प्रा. लि.
चितवन, ०५६-५३२७४८

Ac 1069 c2

# हाम्रो भनाइ

शिक्षणसिकाइ प्रक्रियालाई रुचिपूर्ण र प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगका अतिरिक्त विभिन्न प्रकारका शैक्षणिक सामग्रीको उपयोग आवश्यक हुन्छ । हाम्रो जस्तो देशमा पाठ्यपुस्तकलाई नै शिक्षणसिकाइको निर्वैकल्पिक पाठ्यसामग्रीका रूपमा प्रयोग गर्ने प्रचलन रहेको छ । तर विद्यार्थीको रुचि र क्षमताअनुसार उनीहरूभित्र लुकेर रहेको क्षमताको प्रस्फुटन गर्नका लागि शिक्षणसिकाइ प्रक्रियामा पाठ्यपुस्तकका अतिरिक्त विविध बाल सन्दर्भसामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै तथ्यलाई दृष्टिगत गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सघाउने उद्देश्यले यो बाल सन्दर्भसामग्रीको विकास गरिएको हो ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वअध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने उद्देश्यसमेत राखी यो सामग्री विकास गरिएको हो ।

विगतका वर्षहरूमा विविध ५३ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी हालसम्ममा ५८ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ । सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

लक्ष्मीप्रसाद खत्री
कार्यकारी निर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

वि. सं. २०६३

# विषयसूची


| क्र. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ०१. | मूर्तिकार कालु कुमाले | १ |
| ०२. | कान्छा आरोही तेम्बाछिरी | ४ |
| ०३. | समाजसेवी अङ्गुरबाबा जोशी | ६ |
| ०४. | प्रसिद्ध चित्रकार केशव दुवाडी | ८ |
| ०५. | अनाथालयका तारा डा. डम्बरबहादुर | १० |
| ०६. | असल गुरु जोर्ज जोन | १३ |
| ०७. | विवेकी डाक्टर विवेक प्रधान | १६ |
| ०८. | प्रकृतिप्रेमी सेबइलाल | १९ |
| ०९. | कुशल प्रशासक कुलशेखर शर्मा | २१ |

# मूर्तिकार कालु कुमाले



पाटनको थपाटटोलमा सानु कुमाले र ज्ञानी दम्पती थिए। उनीहरू माटोका भाँडाकुँडा बनाउँथे। उनीहरूका एउटी छोरी र एउटा छोरा थिए। छोराको नाम कालु थियो। कालुको जन्म वि.सं. १९९० साल, जेठ २७ गते भएको थियो।

बुबाले कालुलाई खेल्नको लागि एक डल्लो माटो दिन्थे। मुछेको नरम माटोबाट कालु विभिन्न आकार निकाल्ने अभ्यास गर्थे।

एक दिन अनौठो घटना भयो । कालु माटो खेलाउँदा-खेलाउँदै निदाए । उनले सपना देखे । सपनामा एउटी बूढी देखिइन् । बूढीका छोराछोरीहरू पनि थिए । ती सबै जना रोइरहेका थिए । यत्तिकैमा त्यहाँ मञ्जुश्री देवता देखापरे । मञ्जुश्रीसँग कालुले सोधे, "यिनीहरू किन रोएका ?"

जवाफमा मञ्जुश्रीले भने, "यिनीहरू काम गर्दैनन्, बुबालाई परिवार चलाउन धौधौ छ । त्यसैले यिनीहरू राम्ररी खान नपाएर रोएका हुन् ।"

कालु झसङ्ग ब्युँझिए । उनले ठाने, "ती रोइरहेका केटाकेटीमध्ये एक जना म आफैँ त थिइनँ ?" त्यसपछि उनले काम गर्ने अठोट गरे ।

बुबासँग काम गर्दागर्दै माटोबाट जनावर र चराका सुन्दर आकृति बनाउन जाने । उनले बनाएका यस्ता खेलौना साथीभाइले त्यत्तिकै लान्थे । कोहीकोहीले त रङ लगाएर पसलमा बेचेर पैसा पनि कमाउँथे । खेलौना बेचेर पैसा कमाउने कुरो कालुलाई थाहा थिएन ।

एक दिन एकजना साथीसँग कुनै व्यापारीले यो खेलौना बनाउने मान्छे को हो भनी सोधेछन् । साथीले बताएपछि व्यापारी खोज्दैखोज्दै कालुकहाँ आइपुगेछन् । उनले कालुलाई स्याबासी दिँदै भनेछन्, "जान्नेहरूसँग सिकेर बनायो भने अझ राम्रो बनाउन सकिन्छ र यसबाट आम्दानी पनि हुन्छ ।"

त्यसपछि कालु एक जना ठूला मूर्तिकारसँग मूर्ति बनाउने काम सिक्न थाले । चिरीकाजी नामका ती कलाकारले कालुलाई केही त सिकाए तर राम्ररी ध्यान दिएनन् । त्यो बेला कुमालेलाई तल्लो जात भनेर हेलाँ गरिन्थ्यो । त्यसमा पनि कालु गरिब परिवारका थिए । त्यसैले समाजमा उनलाई हौसला दिनेहरू थिएनन् । तैपनि उनी मूर्तिकलामा निरन्तर लागिरहे ।

यही निरन्तरताका कारण कालु कुमालेले राम्राराम्रा मूर्ति बनाए । आज उनी नेपालका एक सफल मूर्तिकारका रूपमा चिनिएका छन् ।

मेघसम्बर, वज्रयोगिनी, कालभैरव, अजिमा, मञ्जुश्री आदि उनले बनाएका प्रसिद्ध मूर्तिहरू हुन् । स्वयम्भूको मैत्रीगुम्बा र आनीगुम्बाका वज्रयोगिनी मूर्ति, बौद्धको सामतेलिङ गुम्बाको महाकाल, कपन गुम्बाको मेघसम्बर मण्डला, फर्पिङस्थित शेर्पा गुम्बाको बज्रपाणी बोधिसत्व आदि कालुका मूर्तिकलाका राम्रा नमुना हुन् । भारतको बेङ्गलोर, मुनगढको गार्डेन

जाङ्त्से गुम्बा र मसुरीको सेराजे गुम्बामा पनि उनले बनाएका थुप्रै मूर्तिहरू छन् । यसका साथै चीन, हङकङ, ताइवान, सिङ्गापुर, फ्रान्स, अमेरिका, जापान, कोरिया, रुस, इटाली, भुटान, मङ्गोलिया, इन्डोनेसिया, थाइल्यान्ड र स्विट्जरल्यान्डमा समेत उनले बनाएका मूर्तिहरू पुगेका छन् ।

त्यस बेलाका ठूला कलाकार चिरीकाजी शाक्य र आफूलाई सघाउने श्रीमती लक्ष्मीमायालाई कालु आफ्ना प्रेरणास्रोत मान्छन् । आफूलाई दुःखकष्टका साथ हुर्काउने आमाका लागि केही गर्न नपाउँदै मृत्यु भएकोमा कालुलाई दुःख लाग्छ ।

कालुले सामान्य शिक्षा मात्र हासिल गरेका छन् । उनले पाटनकै त्यागलको पाठशालामा पढेका थिए । उनी नेपाली राम्ररी बोल्न जान्दैनन् । नेवार भाषामा मात्र कुराकानी गर्छन् । 'कालुदाइ' का नामले चिनिने उनको खास नाम भने कुम्हा:दक्षप्रजापति थकु हो । तिब्बतीहरू उनलाई 'थो सोवा काम' नामले बोलाउँछन् भने अन्य विदेशीहरू कालु आर्टिस्ट भन्छन् । उनको सबभन्दा प्रिय र चल्तीको नाम भने कालु कुमाले नै हो ।

बालककाल गरिबीमा बिते पनि पछि कलाबाटै उनले आर्थिक उन्नति पनि गरे । आर्थिक उन्नतिसँगै उनले समाजसेवाका काम पनि एकसाथ अघि बढाए । उनले थुप्रै सङ्घसंस्थालाई सहयोग पुऱ्याएका छन् ।

कालुले विभिन्न पुरस्कार पनि प्राप्त गरेका छन् । भारत, चीन, मलेसिया, थाइल्यान्ड, सिङ्गापुरलगायतका देशको भ्रमण अनुभव पनि बटुलेका छन् । उनले कालु आर्ट्स एन्ड ह्यान्डिक्राफ्ट्स र थपाकुम्ता: साना गुठीजस्ता संस्था पनि खोलेका छन् ।

यसरी गरिब ज्यापू परिवारका कालु मिहिनेत, लगन र सीपले देशकै कहलिएका मूर्तिकार बनेका छन् । सादा जीवन, सादा खानपान र उच्च विचारका उनी ईश्वरप्रति आस्था राख्छन् । बूढो भएर पनि बिहान सबेरैदेखि उनी मूर्तिकलाको काम गरिरहन्छन् ।

# कान्छा आरोही तेम्बाछिरी



नेपाल वीर वीरङ्गानाहरूको देश भनेर चिनिन्छ । हिमाल चढेर पनि नेपालीहरूले वीरता प्रस्तुत गरेका छन् । एक जना हिमाल आरोहीले सोह्र वर्षकै कलिलो उमेरमा सगरमाथाको आरोहण गरिछाडे । विश्वभरिमै सबभन्दा कम उमेरमा सगरमाथा आरोहण गर्ने मानिस भनेर नाम कमाए । यो ठूलो सफलतामा उनको लामो सङ्घर्षको कथा छ । उनको नाम तेम्बाछिरी शेर्पा हो ।

गाउँका शेर्पा दाजुभाइले हिमाल चढेको अनुभव सुनाउँदा उनी उत्साहित हुन्थे । उनको मन् जुरुकजुरुक हुन्थ्यो । सपनामा र विपनामा पनि उनको ध्यान सगरमाथामै हुन्थ्यो ।

तेम्बाछिरी शेर्पाको जन्म वि.सं. २०४२ सालमा भएको थियो । उनका बाबुको नाम छोउवा शेर्पा र आमाको नाम लाप्पादिकी शेर्पा हो । उनको घर दोलखा जिल्लाको गौरीशङ्कर गाउँविकास समितिमा छ । उनले दोलखामै कक्षा ६ सम्म पढेका थिए । त्यसपछि उनी काठमाडौँमा पढ्न थाले ।

तेम्बाले सगरमाथा आरोहण गर्नुअघि नेपाल पर्वतारोहण सङ्घबाट आरोहणसम्बन्धी तालिम लिएका थिए । मनाङमा पर्वतारोहण तालिम लिँदा उनी दस वर्षका मात्र थिए । तालिमपछि उनले नावर हिमाल चढे । सगरमाथा आरोहणअघि उनले थुप्रैससाना हिमाल चढेका थिए ।

कलिलै उमेरमा सगरमाथा चढ्ने आँट गर्नु चानचुने कुरा हो र ! उनलाई पनि अरूलाई जस्तै खेल्न र रमाइलो गर्न मन लाग्दो हो । तर सानैदेखि गम्भीर प्रकृतिका

तेम्बा एकोहोरो पर्वतारोहणका बारेमा नै जानकारी राख्न थाले । फुर्सदको समय आरोहणसम्बन्धी नै ज्ञान र अनुभव बढाउनमा लगाए । अग्रज आरोहीहरूका धेरै अनुभव बटुले । अनि चौध वर्षकै उमेरमा उनी सगरमाथा चढ्न कस्सिए ।

वि.सं. २०५७ साल, वैशाख १ गते उनको यात्रा सुरु भयो । जेठ ५ गते बुद्ध पूर्णिमाको दिन चुचुरोमा पुग्ने उनको लक्ष्य थियो । सगरमाथाको शिखरमा सजाउन उनले नेपालको राष्ट्रिय झन्डा र बुद्धको मूर्तिसमेत लगेका थिए । तर प्रतिकूल वातावरणका कारण शिखरभन्दा मात्र २२ मिटर तल ८ हजार ८ सय २६ मिटरको उचाइबाट उनी फर्कन बाध्य भए ।

साहसी तेम्बाको उत्साह यत्तिमै सेलाएन । दुई वर्षपछि नै उनले फेरि सगरमाथा आरोहणको अभियान चलाए । दृढ आत्मविश्वास भएपछि सफल नहुने कुरा के छ र ? वि.सं. २०५९ सालमा उनले राष्ट्रिय ध्वजालाई सगरमाथाको थाप्लोमा फहराइछाडे । बुद्धको प्रतिमालाई संसारकै सर्वोच्च स्थानमा सजाइछाडे । यसअघि नेपालकै शम्भु तामाङले कायम गरेको कान्छो सगरमाथा आरोहीको कीर्तिमान तेम्बाले तोडिदिए । उनका बारेमा संसारभरिकै सञ्चार माध्यमले प्रचारप्रसार गरे । विश्व कीर्तिमानीहरूको प्रसिद्ध पुस्तक गिनिज बुक अफ दी वर्ल्ड रेकर्ड्समा तेम्बाको नाम र तस्बिर उल्लेख भयो ।

सगरमाथामा पाइलो टेकेको दिन तेम्बाको जीवनको सबभन्दा अविस्मरणीय दिन हो । त्यही दिन उनको मनमा बिझाइरहने अर्को घटना पनि छ । शिखर पुगेपछि हर्षित भएर उनले दायाँ हातको पन्जा फुकाले । माइनस ५० डिग्रीको चिसोमा उनका औँलामा रगत जम्यो । पछि तीनओटा औँला काम नदिने भएपछि काट्नुपर्‍यो । हर्षभित्रको त्यो दुःखद समय सम्झँदै तेम्बा भन्छन्, “औँला गुमाउनुपर्दा सुरुमा त मलाई निकै गाह्रो पर्‍यो । जसरी पनि दैनिक कामकाज चलाउने अभ्यास गर्दै गएँ । पछि बिस्तारै बानी लाग्दै गयो ।”

तेम्बाले सगरमाथा चढ्ने उत्साह देखाएदेखि नै विभिन्न सङ्घसंस्थाबाट थुप्रै पुरस्कार, सम्मान प्राप्त गरेका छन् । उनले वि.सं २०५७ सालमा ‘वीर गणेशमान सिंह बालप्रतिभा पुरस्कार’ प्राप्त गरेका थिए । उनले नेपालका विभिन्न जिल्लाका साथै भारत, चीन, थाइल्यान्ड, अल्जेरिया, जापानलगायत विभिन्न देशको भ्रमण पनि गरेका छन् ।

■ ■ ■

# समाजसेवी अङ्गुरबाबा जोशी



नेपालमा पहिलेपहिले विद्यालयहरू धेरै थिएनन् । त्यसैले सबैले पढ्न पाउँदैनथे । अझ छोरीलाई त पढाउने चलनै थिएन । यस्तो अवस्थामा पनि अङ्गुरबाबा जोशीले पढ्ने मौका पाइन् । उनले यो मौकाको राम्रो सदुपयोग पनि गरिन् । नेपालको शिक्षा, पर्यटन र समाजसेवाका क्षेत्रमा उनले ठूलो नाम कमाएकी छिन् ।

वि.सं. १९८८ साल, साउनमा पिताम्बरप्रसाद पन्त र दीपकुमारीको कोखबाट अङ्गुरबाबाको जन्म भएको हो ।

बुबा हार्मोनियमका सौखिन थिए । अङ्गुरबाबा पनि बुबाको काखमा बसेर हार्मोनियम बजाउँथिन् । बुबा कामको सिलसिलामा बनारस जाँदा उनी पनि सँगै जान पाउँथिन् । त्यसबेला उनले रेल पनि चढ्न पाउँथिन् । रेल चढ्दा उनी खुबै रमाउँथिन् ।

बुबाले गोरखपुरबाट ल्याइदिएका साहित्यका पुस्तक उनी ध्यान दिएर पढ्थिन् । तीमध्ये प्रेमचन्दका उपन्यास उनलाई बढी मन पर्थ्यो ।

एघार वर्षकै उमेरमा अङ्गुरबाबाको विवाह भयो। विवाहपछि पनि उनले पढाइ रोक्नु परेन। श्रीमान्श्रीमतीले सँगसँगै पढाइ अघि बढाए।

वैज्ञानिक मेडम क्युरीको जीवनी अङ्गुरबाबालाई खुब मन पर्थ्यो। उनी पनि आफूहरू क्युरी दम्पतीजस्तै आदर्श दम्पती बन्ने कल्पना गर्थिन्। उनले चाहेजस्तै भयो पनि। उनका श्रीमान्ले विज्ञानमै उच्च अध्ययन गरेर राम्रो ख्याति कमाए। उनको नाम डा. बलराम जोशी हो। उनले विज्ञानसम्बन्धी पुस्तकका लागि मदन पुरस्कार पनि प्राप्त गरेका थिए।

अङ्गुरबाबाले चाहिँ विज्ञान पढ्न पाइनन्। उनले बेलायतबाट कानुन र राजनीति शास्त्रमा उच्च अध्ययन गरिन्। उनले पद्मकन्या कलेजको प्रिन्सिपल भएर धेरै वर्ष शिक्षासेवा गरिन्। शिक्षाका साथै पर्यटन र समाजसेवाका क्षेत्रमा उनले ठूलो योगदान गरेकी छिन्। विदेशमा नेपाल नचिनिएको कुराले उनलाई चिन्तित तुल्यायो। त्यसैले उनले विश्वमा नेपाल चिनाउने उद्देश्य लिइन्। पर्यटनमा काम गर्न थालिन्। तारागाउँ विकास समितिको अध्यक्ष तथा तारागाउँ रिजेन्सी होटलको सञ्चालक भएर उनले पर्यटन विकासका काममा सघाउ पुऱ्याइरहेकी छिन्।

प्रत्येक मानिसले मानिसको गुण बुझ्न सक्नुपर्ने उनको विचार छ। सत्यनिष्ठा, सेवाभाव, राष्ट्रभक्ति र कर्तव्यपरायणताले नै प्रत्येक मानिसको जीवन सफल हुन्छ भन्ने उनको मान्यता छ। उनी भन्छिन्, "आफ्नै लागि मात्र त लुते कुकुर पनि बाँचेको हुन्छ। हामीले अरूका लागि बाँच्ने लक्ष्य लिनुपर्छ।"

उनले एउटा कथा सङ्ग्रहका साथै अङ्ग्रेजी र नेपालीमा थुप्रै फुटकर लेखरचना प्रकाशित गरेकी छिन्। उनले विभिन्न पुरस्कारहरू प्राप्त गरेकी छिन्। जोशीले एसिया, युरोप, अफ्रिका र अमेरिकाका थुप्रै देशको भ्रमण गरेकी छिन्। विभिन्न अन्तर्राष्ट्रिय सभासम्मेलनमा पनि उनले नेपालको प्रतिनिधित्व गरेकी छिन्।

महिला जगत्का लागि विशेष उदाहरणीय जोशी अहिले पनि विभिन्न सङ्घसंस्थामार्फत सामाजिक कार्यहरूमा सक्रिय छिन्।

# प्रसिद्ध चित्रकार केशव दुवाडी



हिजोआज बालसाहित्यका पुस्तकको प्रकाशन बढेको छ । तिनमा राम्राराम्रा चित्र पनि हुन्छन् । चित्रले गर्दा हामी सजिलैसँग कथा बुझ्न सक्छौँ । नेपाली बालसाहित्यमा चित्र समावेश गर्ने परम्परा चित्रकार केशव दुवाडीले सुरु गरेका हुन् । वि.सं. २००५ मा नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित पुस्तकमा उनले चित्रको प्रयोग गरेका थिए ।

केशव दुवाडी ठूला चित्रकार हुन् । वि.सं. १९७७ कात्तिकमा भारतको वनारसमा उनको जन्म भएको थियो । धार्मिक प्रवृत्तिका पिता बाबुराम दुवाडी पनि चित्रकलामा रुचि राख्थे । उनी पौराणिक चित्रहरू बनाउने गर्थे । यसैबाट केशवलाई पनि चित्रकलामा प्रोत्साहन मिल्यो । वनारसका प्रसिद्ध चित्रकार केदारनाथ शर्माबाट उनको चित्रकलाको पढाइ सुरु भएको थियो ।

त्यस बेला बाहुन जातिका मानिस चित्रकलामा लाग्ने चलन थिएन । यसैले उनको परिवारले उनलाई उचित सहयोग भने गरेन । रङ र बुरुसको जोहो गर्न पनि धौधौ पर्न थाल्यो । तैपनि आफ्नो लगनमा दृढ दुवाडी समस्यासँग जुध्दै अघि बढे । निरन्तर साधनाले उनको प्रतिभा पनि चम्कँदै गयो ।

चित्रकलामा बढी आकर्षित भए पनि अरू विषयको पढाइलाई पनि उनले निरन्तरता दिएका थिए । प्रवेशिका परीक्षा पास गरेर उनी काठमाडौँ आए । कलाप्रतिको उनको लगाव र प्रतिभा देखेर सरकारले उनलाई छात्रवृत्ति प्रदान गऱ्यो । उनी फेरि कला अध्ययनका लागि मुम्बइतिर लागे । त्यहाँको

सर जे.जे. स्कुल अफ आर्ट्सबाट उनको अध्ययन अघि बढ्यो । वि.सं. २९९७ देखि वि.सं. २००३ सम्म त्यहाँ अध्ययन गर्दा उनले त्यसबेलाका ख्यातिप्राप्त चित्रकारहरूबाट कलासम्बन्धी उच्च ज्ञान हासिल गरे ।

अनुकरणमा भन्दा सिर्जनात्मक चित्रमा रमाउने दुवाडी पढाइमा सधैँ प्रथम श्रेणीमा उत्तीर्ण हुन्थे । मुम्बइको ख्यातिप्राप्त डली खुर्सेदजी चित्र प्रतियोगितामा उनको 'करुणा' शीर्षकको चित्रले प्रथम पुरस्कार प्राप्त गरेको थियो । उनको विशेष प्रतिभाकै कारण सर जे.जे. स्कुल अफ आर्ट्सले उनलाई म्युरल डेकोरेसन अनुसन्धान समितिको सदस्यता प्रदान गरेको थियो ।

बम्बई आर्ट सोसाइटीले गरेको कला प्रदर्शनीमा उनका 'वनारसमा विजयादशमी' र 'पूधेरिन' शीर्षकका चित्रहरूले प्रथम पुरस्कार जिते । उनको 'रासलीला', 'काजल', 'ज्ञानमुद्रा' जस्ता चित्रशृङ्खलालाई दर्शकले खुब मन पराएका थिए ।

वि.सं. २०२४ देखि २०३० सम्म ललितकला महाविद्यालयका प्रथम प्रिन्सिपलका रूपमा पनि दुवाडीले काम गरे । आफूले सिकेका कुरा त्यहाँ उनले राम्ररी उपयोग गरे । नेपालमा कला शिक्षाको विकासमा उनको योगदान सदैव पूजनीय छ ।

बीचमा केही समय वनारस बसेपछि उनले फेरि नेपाली भाषा प्रकाशिनी समितिमा काम गरे । त्यसबेला उनले बालसाहित्यका पुस्तकमा चित्र बनाए । उनले जनक शिक्षा सामग्री केन्द्रको ग्राफिक आर्ट युनिटमा पनि प्रमुख कलाकारको जिम्मेवारी पूरा गरे ।

उनले नेपाल ललितकला संस्था (नाफा) को कार्यसमितिमा रहेर पनि काम गरेका थिए ।

कलाले सत्यम्, शिवम्, सुन्दरम्को खोजी गर्नुपर्छ भन्ने उनको धारणा थियो । चित्रका बारेमा दुवाडीको धारणा थियो, "चित्र बनाएर मात्र पुग्दैन, ती चित्रभित्र रङ बोल्नुपर्छ ।"

■ ■ ■

# अनाथालयका तारा डा. डम्बरबहादुर



वि.सं. २०२४ सालको एसएलसी परीक्षाको नतिजाले देशभरि खैलाबैला मच्चायो । यसको कारण थियो, अनाथालयका एक विद्यार्थी त्यो वर्ष एसएलसी परीक्षामा सर्वप्रथम भएका थिए । बाबुआमा नभएका, अनाथालयमा पढ्ने पनि बोर्डफस्ट भएको सुन्दा सबैजना जिब्रो काट्थे । यसरी सर्वप्रथम भएर सबैलाई चकित पार्ने व्यक्ति डम्बरबहादुर नेपाली हुन् ।

डम्बरबहादुर नेपालीको खास नाम रामकृष्ण श्रेष्ठ थियो । अनाथालयको नियमअनुसार उनको नाम फेरेर डम्बरबहादुर नेपाली राखिएको थियो ।

भक्तपुरको जगातेमा उनको जन्म भएको थियो । उनका बाबुको नाम रत्नलाल श्रेष्ठ र आमाको नाम सानुमाया थियो । उनी छ महिनाको हुँदा बाबुको मृत्यु भएको थियो । उनी डेढ वर्षको हुँदा आमाले दोस्रो विवाह

गरिन् । त्यसपछि हजुरआमा र काकाले उनलाई हुर्काए ।

स्कुल जाने उमेर भएपछि उनलाई परोपकार अनाथालयमा भर्ना गरियो । अनाथालयमै खानेबस्ने र पढ्ने सुविधा थियो । अनाथालयमा भर्ना गर्दा सात कक्षाका विद्यार्थीले उनको परीक्षा लिएका थिए । परीक्षामा गणितका सबै प्रश्न मिलाएकाले उनले स्याबासी पाए । त्यही प्रेरणाले गणितमा सधैँभरि आफू उत्कृष्ट भएको नेपाली बताउँछन् । परोपकारका संस्थापक दयावीरसिंह कंसाकार र शिक्षिका शकुन्तला प्रधानबाट उनलाई पढाइमा ठूलो हौसला मिल्यो । राम्रो पढ्ने भएकाले सबै गुरुबा र गुरुआमाले उनलाई धेरै माया गर्थे । गुरुबा र गुरुआमालाई खुसी पार्न पनि मिहिनेतसाथ पढ्ने गरेको उनी सम्झन्छन् ।

एसएलसीमा सर्वप्रथम भएपछि उनले भारतको दिल्ली कलेज अफ इन्जिनियरिङमा छात्रवृत्ति पाए । पाँच वर्ष त्यहाँ अध्ययन गरेपछि उनी इन्जिनियर भएर नेपाल फर्की विद्युत् विभागमा काम गर्न थाले । त्यही बेलादेखि उनले जलस्रोत क्षेत्रमा आफ्नो काम र अध्ययन बढाउँदै लगे । नेपालका नदीहरूबाट विद्युत् निकाल्ने सम्भाव्यताबारे गहन खोजबिन गर्न थाले ।

उनले छात्रवृत्ति पाएर भारतको रुड्की विश्वविद्यालयबाट हाइड्रोलोजीमा उच्च शिक्षा हासिल गरे । प्रत्येक कक्षामा प्रथम हुने डम्बरबहादुर रुड्कीमा पनि प्रथम नै भए । त्यसपछि उनी काममा फर्के र बूढीगण्डकी नदीमा विद्युत्को सम्भाव्यताबारे अध्ययन गरे । जलाशययुक्त विद्युत् आयोजनासँगै सेडीमेन्ट्रोलोजी (पिँधमा जम्ने थेग्रान) विज्ञको अभाव भएकाले डम्बर फेरि अमेरिकामा तालिम लिन गए । त्यही तालिमलाई उनले औपचारिक शिक्षामा परिणत गरी पीएचडी उपाधि प्राप्त गरे । बेस्सरी पढ्ने र नेपाल फर्केर काम गर्ने उद्देश्य लिई उनले अमेरिकामा अरू विभिन्न अध्ययन र तालिम पनि हासिल गरे । उनको खुबी देखेर त्यहाँका प्राध्यापकहरू पनि प्रभावित भए । दसमहिने तालिमका लागि गए पनि उनले तीन वर्षसम्म त्यहाँ रहेर अध्ययन गरे ।

अमेरिकामै उनलाई कामका प्रशस्त अवसरहरू आए । त्यहाँको विश्वविद्यालयमा पढाउन धेरै अनुरोध आयो । धेरै कमाइ हुने ती कुनै पनि प्रस्ताव उनले स्वीकारेनन् । देशमै फर्केर काम गर्ने र अनाथालयले आफूलाई असल नागरिक बनाउन गरेको लगानीको मोल चुकाउने उनको दृढ अठोट थियो ।

विदेशमा हासिल गरेको ज्ञान, सीप र प्रविधिलाई उनले साँच्चै स्वदेशमा उपयोग पनि गरिरहेका छन् । उनकै प्रयासमा रसुवा जिल्लामा २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजना नमुनाका रूपमा सञ्चालन भइरहेको छ । यस योजनाबाट उनले नेपाल आफ्नै स्रोत र साधनबाट सम्पन्न हुन सक्छ भन्ने राम्रो नमुना देखाएका छन् । चिलिमे योजनाले अन्य योजनाको तुलनामा धेरै सस्तोमा बिजुली उत्पादन र वितरण गरेको छ । सबै काम स्वदेशी व्यवस्थापनबाट भएको यस योजनाले डा. नेपालीको आत्मबल निकै बढेको छ । उनी भन्छन्, "६० मेगावाट सम्मका योजना हामी आफ्नै स्रोतबाट पूरा गर्न सक्छौं ।"

डा. डम्बरबहादुर नेपाली सानैदेखि नाचनमा सिपालु थिए । सानोमा काकाहरूले लैजाने भोजभतेरमा 'नाच अनि पैसा दिउँला' भनेर ठूलाहरूले भनेपछि उनी छमछमी नाच्थे । पछिसम्म पनि उनी नाच्नमा सिपालु ठहरिए । परोपकार स्कुल, दिल्ली, रुड्की र अमेरिकामा समेत उनले नाचबाट पुरस्कृत हुने अवसर पाएका थिए ।

नेपालीमा एउटा उखान छ - 'खोलो तऱ्यो, लौरो बिर्स्यो' । तर डम्बरबहादुरको जीवनमा यो लागू हुँदैन । उनी आफूलाई पढाउने अनाथालयलाई कहिल्यै बिर्सदैनन् । अहिले पनि उनी परोपकार अनाथालयको कोषाध्यक्षका रूपमा रहेर काम गरिरहेका छन् । यसका साथै जलस्रोत, विद्युत् र इन्जिनियरिङसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरूमा उनको संलग्नता छ ।

अनाथालयमै तालिम लिएर उनले लुगा सिउन र जुत्ता बनाउन पनि जानेका थिए । प्रचार मन नपराउने र चाकडी नगर्ने उनको स्वभाव छ । विभिन्न देशबाट भ्रमणको निम्तो आए पनि स्वीकार नगरेको उनी बताउँछन् ।

पैसा नै सबैथोक होइन र यो जति भए पनि मानिसलाई पुग्दैन भन्ने उनको धारणा छ । प्रत्येकले आफूले जानेका ज्ञान र सीप देशको उन्नतिमा लगाउनुपर्छ भन्ने उनको विचार छ । आफ्नो स्वार्थ मात्र हेर्ने र जागिरेको हिसाबले काम गर्नेहरूबाट विकास हुन सक्दैन भन्ने अनुभव उनी बताउँछन् ।

■ ■ ■

# असल गुरु जोर्ज जोन



जन्मले नेपाली नभए पनि कर्मले नेपाली हुनेहरू धेरै छन् । जोर्ज जोन यस्तै एक पौरखीको नाम हो । पोखराको पृथ्वीनारायण क्याम्पसको स्थापना र विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने जोन हालसम्म पोखरामै पढाउँछन् । पोखरामा उनलाई 'क्याम्पसका पिता' कै रूपमा लिइन्छ । उनले दीपेन्द्र प्रहरी स्कुलको प्रिन्सिपल भएर पनि काम गरेका थिए । सुरुमा नेसनल कलेज (हाल शङ्करकरदेव क्याम्पस) र बाग्लुङको महेन्द्र क्याम्पसमा पनि उनले काम गरे ।

जोर्ज जोनको जन्म १९८९ साल, भदौमा भारतको केरलामा भएको थियो । उनका बुबाको नाम ए. ई. जोन र आमाको नाम अन्नामा हो । बुबा ए. ई. जोन पनि अध्यापनमा लागेका थिए ।

केरलाकै स्कुलबाट उनको पढाइ सुरु भयो। उनी कलिलै उमेरमा स्काउटमा पनि लागे। यसबाट सामाजिक क्रियाकलापमा उनको रुचि बढ्यो।

नौ कक्षामा पढ्दा जोनले बाल क्लब खोलेका थिए। क्लबले कविता, कथा सुनाउने र खेलकुद कार्यक्रम सञ्चालन गर्थ्यो। उनी स्कुल पढ्दा नै भारतीय स्वतन्त्रता आन्दोलनमा पनि लागेका थिए।

एघार कक्षामा पढ्दा जोन हस्तलिखित पत्रिकाका सम्पादक थिए। उनी रातभरि बसेर लेख, निबन्ध, कविता र समाचार लेखेर पत्रिका तयार पार्थे। जोनको पत्रकार बन्ने रहर थियो। उनले सानैमा टाइपिङ, फोटोग्राफी र अक्षर कम्पोज गर्न पनि सिकेका थिए। उनले नागपुरको कलेजमा छात्रवृत्ति पाएर बी.ए. पढे। त्यसबेला महात्मा गान्धीको 'चर्खा आन्दोलन' भारतमा निकै लोकप्रिय थियो। जोनले पनि चर्खा सिके।

बी.ए. सिध्याएपछि घुम्ने क्रममा काठमाडौँ आएका जोन यतैका रैथाने बने।

त्यस बेला भारतबाट काठमाडौँ आउने मोटरबाटो थिएन। जोन वि.सं. २००९ साल चैतमा हिँडेर काठमाडौँ आएका थिए। त्यस बेला उनी २० वर्षका थिए। मन्दिरै मन्दिरको सहर काठमाडौँ घुम्ने उनको धोको थियो। यही धोको पूरा गर्न काठमाडौँ आएका जोनले नेपालमा शिक्षासेवाको अवसर पाए र जीवनभर यसैमा आफूलाई समपर्ण गरे।

नेसनल कलेजमा काम गर्दै पढेर उनले वि.सं. २०१६ सालमा एम.ए. सिध्याए। पोखराको अमरसिंह विद्यालयका शिक्षक बिमलबहादुर थापा जोनसँग अङ्ग्रेजी सिक्न आउँथे। बिमलका दाजु शिवहादुर पोखरा नगरका अध्यक्ष थिए। क्याम्पस पढाउने शिक्षक नपाएर हैरान शिवहादुरले नै जोनलाई पोखरा पुऱ्याए। उनलाई प्रस्तावित पृथ्वीनारायण कलेजको प्रिन्सिपल नियुक्त गरियो। यो वि.सं. २०१७ साल भदौको कुरा थियो। कन्या प्राथमिक विद्यालयको भवनमा सञ्चालित क्याम्पसमा शिक्षक थोरै थिए। देवीरमण शर्माले नेपाली र जोन एक्लैले अङ्ग्रेजी र अर्थशास्त्र पढाउँथे।

सेतीको बगर नजिकै कलेजलाई जग्गा पनि मिल्यो। अनि विद्यार्थी र शिक्षकसँगै बाँस काट्ने, खर बटुल्ने गर्दै जोनले कलेजका लागि टहरो बनाए। त्यही टहरोबाट विकसित क्याम्पसमा अहिले दस हजारभन्दा बढी विद्यार्थी एकसाथ पढिरहेका छन्। त्यस बेला क्याम्पसका विद्यार्थी आफू बस्न

गुन्द्री बोकेर क्याम्पस आउँथे । पोखरामा क्याम्पस पढाउन सुरु गर्दा बिजुली थिएन । जोन सर लाल्टिन बालेर पढाउँथे ।

सुरुमा जोन सरले क्याम्पसलाई व्यवस्थित पार्न सांस्कृतिक प्रदर्शनलगायत अनेक कार्यक्रम गरे । काम कहिल्यै पनि ठूलोसानो हुँदैन भन्ने उनको धारणा छ । क्याम्पसमा पाले नहुँदा उनी आफैँ घन्टी बजाउँथे । हरेक काम समयमै गर्ने र समय कहिल्यै खेर नफाल्ने उनको बानी थियो ।

पृथ्वीनारायण क्याम्पस अहिले नेपालको पश्चिम भेगकै सबभन्दा ठूलो क्याम्पसका रूपमा चिनिन्छ । यसलाई विश्वविद्यालय बनाउने तयारी पनि भइरहेको छ ।

जोनले पिसकोर स्वयम्सेवीहरूसँग मिलेर पोखरामा अन्नपूर्ण सङ्ग्रहालय पनि खोलेका छन् ।

उनले दीपेन्द्र प्रहरी स्कुलको संस्थागत विकासमा पनि योगदान पुऱ्याएका छन् ।

आमाबुबाले जोनलाई केरला फर्किन भनिरहन्थे । वि.सं. २०३२ सालमा उनले नेपाली नागरिकता प्राप्त गरे । त्यसपछि उनले नेपाल नछाड्ने निश्चय गरे । पोखराकै गणेशबहादुर गुरुङले उनका लागि चार रोपनी जग्गा पनि किनिदिए । त्यसपछि पोखरामै जोन सरको स्थायी बसोबास भयो । भारतीय नागरिकता त्यागेकोमा उनका आफन्त दुःखी भए, तैपनि उनी विचलित भएनन् ।

वि.सं. २०५३ सालमा प्राध्यापनबाट जोनले अवकाश पाए । पढाउने काम भने अझै जारी छ । उनी अमरसिंह उच्च मा.वि. र माउन्ट अन्नपूर्ण क्याम्पसमा अङ्ग्रेजी पढाउँछन् । स्वास्थ्य राम्रो रहेसम्म सकुन्जेल पढाइरहने उनले अठोट गरेका छन् ।

जोन भन्छन्, “सबैको मनमा यो देश मेरो हो, मैले यसलाई बनाउनुपर्छ भन्ने भावना चाहिन्छ ।”

उनले थुप्रै सम्मान र पुरस्कार प्राप्त गरेका छन् । उनकै नाममा पोखरामा ‘जोर्ज जोन शिक्षा प्रतिष्ठान’ नामक संस्था पनि क्रियाशील छ । इमानदारीलाई नै धर्म मान्ने जोन सर साँच्चै दूरदर्शी, कर्मयोगी र सर्वगुण सम्पन्न शिक्षासेवी हुन् । उनी एक असल गुरु हुन् । पोखराका मानिस उनलाई खुबै आदर गर्छन् ।

■ ■ ■

# विवेकी डाक्टर विवेक प्रधान



**का**मको सिलसिलामा विदेशमा रहेका नेपाली धेरै छन् । डा. विवेकबहादुर प्रधान धेरै वर्षदेखि बेलायतमा रहँदै आएका छन् । उनको पेसा चिकित्सा हो । चिकित्सक भएर लामो समय देशविदेशमा काम गरेपछि हाल उनी अवकाशप्राप्त जीवन बिताइरहेका छन् । फुर्सदको समयलाई खेर फाल्नु हुँदैन भन्ने विचारका धनी डा. प्रधान रोटरी क्लबमार्फत् विभिन्न समाजसेवाका काममा लागिपरेका छन् ।

नेपालको स्वास्थ्य क्षेत्रमा रोटरीमार्फत उनले ठूलो सहयोग पुऱ्याउँदै आएका छन्।

क्यान्सर एउटा डरलाग्दो रोग हो। यसबाट बर्सेनि धेरै नेपालीको मृत्यु हुन्छ। केही वर्ष अगाडिदेखि मात्र नेपालमा क्यान्सर अस्पताल खुलेका छन्। ती अस्पतालमा आवश्यक उपकरण र प्रविधि अझै जुटिसकेका छैनन्। यसबाट उपचारमा अझै प्रभावकारिता आउन सकेको छैन। यसैलाई विचार गरी डा. प्रधान भक्तपुर क्यान्सर अस्पताललाई प्राविधिक रूपमा सक्षम बनाउन लागिपरेका छन्।

डा. विवेक अहिले बेलायतको नटिङ्घममा बस्छन्। काठमाडौँदेखि नटिङ्घमसम्मको उनको जीवनयात्रा लामो छ। उनको जन्म सन् १९३७ मा काठमाडौँको मरुटोलमा भएको हो। उनका बुबाको नाम प्रा. भैरबबहादुर प्रधान र आमाको नाम गोरीनानी हो। जुद्धोदय हाइस्कुलबाट उनको पढाइ सुरु भयो। त्यहीँबाट वि.सं. २००८ मा उनले एस.एल.सी. उत्तीर्ण गरे।

त्रिचन्द्र क्याम्पसबाट आई.एस्सी. गरेपछि उनलाई छात्रवृत्ति मिल्यो। उनी एम.बी.बी.एस. अध्ययनका लागि कलकत्ता लागे। कलकत्ता मेडिकल कलेजबाट वि.सं. २०१७ मा एम.बी.बी.एस. सिध्याए। त्यसपछि उनी नेपाल फर्के र इलामको पशुपतिनगर अस्पतालमा काम गर्न थाले।

त्यसपछि थप पढाइका लागि उनले पटकपटक छात्रवृत्ति पाए। बेलायतमा उच्च अध्ययनपछि उनले त्यहाँकै विभिन्न अस्पतालमा पाँच वर्ष सर्जन भएर काम गरे। वि.सं. २०२४ मा उनले रोयल कलेजको सदस्यता पनि प्राप्त गरे। फेरि दुईबर्से थप तालिमपछि विशेषज्ञ बनेर उनी नेपाल फर्के। फर्किनासाथ थापाथलीको प्रसूति गृहमा उनलाई नियुक्ति मिल्यो। त्यतिबेला चेतनाको राम्रो विकास भइसकेको थिएन। लोग्नेमानिस भएकाले स्त्रीरोग विशेषज्ञका रूपमा काम गर्न उनलाई कठिनाइ पऱ्यो। मिहिनेतसाथ सिकेको ज्ञान उपयोग गर्ने प्रयास गर्दागर्दै तीन महिनामै उनलाई प्रसूतिगृहबाट वीरअस्पताल सरुवा गरियो। वीर अस्पतालमा उनको पढाइअनुसारको काम भएन। वि.सं. २०२७ मा गह्रौँ छाती लिएर उनले नेपाल छाडे र बेलायततिरै फर्के। त्यो क्षण सम्झँदै डा. प्रधान भन्छन्, "आफ्नै देशमा काम गर्ने ठूलो इच्छा हुँदाहुँदै विदेशिनुपऱ्यो। मातृभूमि छाड्नु पर्दाको त्यो क्षण सम्झँदा आज पनि मेरो आँखा रसाउँछ।"

बेलायतमा उनले धेरै वर्ष प्रसूति तथा स्त्रीरोग विशेषज्ञका रूपमा काम गरे। वि.सं. २०३७ देखि रोटरी क्लब, म्यान्सफिल्डमा उनको प्रवेश भयो। मिहिनेतसाथ काम गर्ने बानीले चाँडै नै उनले उक्त क्लबको विदेश समितिको अध्यक्षको जिम्मेवारी प्राप्त गरे। उनले थुप्रै अन्तर्राष्ट्रिय परियोजनाहरूमा काम गरेका छन्। त्यही बेलादेखि उनले रोटरीमार्फत् नेपालको दुर्गम भेगमा शिक्षा र स्वास्थ्यका लागि सहयोग जुटाउँदै आएका छन्।

वि.सं. २०४९ मा बेलायतको राष्ट्रिय स्वास्थ्य सेवाबाट उनले अवकाश प्राप्त गरे। वि.सं. २०५१ देखि फेरि नेपालकै सेवा गर्ने अवसर उनलाई प्राप्त भयो। नेपाल क्यान्सर सोसाइटीका तात्कालिक अध्यक्ष डा. अन्जनीकुमार शर्मासँग डा. प्रधानको भेट भयो। भक्तपुर क्यान्सर अस्पतालका लागि अत्यावश्यक कोबाल्ट रेडियोथेरापी मेसिन उपलब्ध गराउनेबारे कुराकानी भयो। यो अति महँगो उपकरण हो। यसका लागि सहयोग जुटाउन रोटरी क्लबमार्फत डा. प्रधानले ठूलो मिहिनेत गरे। रोटरी क्लब अफ म्यान्सफिल्डले नेपालमा क्यान्सर प्रोजेक्ट नै सञ्चालन गर्‍यो।

वि.सं. २०५७ मा डा. प्रधानले रोटरी क्लबबाट 'सर्भिस एबोभ सेल्फ' नामक उच्च सम्मान पाएका छन्। यो सम्मान पाउने उनी पहिलो नेपाली हुन्। विश्वमै अति कम रोटरी सदस्यले मात्र यो सम्मान पाउँछन्। ६९ वर्षे विवेकी डा. प्रधान अहिले पनि रोटरीको 3H (Health, Hunger and Humanitarian) अभियानमा क्रियाशील छन्।

■ ■ ■

# प्रकृतिप्रेमी सेबइलाल



करिब २६ वर्षअघिको कुरा हो । पूर्वेली थारु बस्तीका एक किसान गाउँ वरिपरि डुलिरहेका थिए । उनी एउटा सेतो राम्रो गाई नजिकै पुगे । गाईलाई ढोग्दै उनले भने, "माता, बर्बाद भयो ! सबैले रूख फाँडे, वन त छोरानाति खलकलाई पनि चाहिने कुरा हो ।"

यति भनेर हिँडेका मात्र थिए, कतैबाट आवाज आयो, "अब तिमीले बिरुवा रोप्नुपर्छ । गाउँभरि हरियाली बनाउनुपर्छ ।"

उनी छक्क परे । गाई बोलेको हो कि, आफ्नै अन्तरआत्मा ! मनमनै उनले अठोट गरे, "बाँकी जीवन अब वातावरण संरक्षणमा लगाउँछु ।"

केही दिनपछि गाउँका चालीसपचास जना भद्रभलाद्मीसामु उनले आफ्नो अठोट सुनाए । गाउँलेसामु सुनसरी जिल्लालाई हराभरा नपारी आफ्नो शरीरसमेत ननुहाउने, सिलाएको कपडा नलगाउने र बाहिर कतै जाँदा केही पनि नखाने उनले कसम खाए ।

यस्तो अनौठो कसमलाई २६ वर्षदेखि व्यवहारमा उतार्दै आउने किसान सेबइलाल चौधरी हुन् । मोरङको रङ्गेलीमा वि.सं. १९८२ सालमा उनको जन्म भएको थियो । उनका बुबाको नाम दुबीलाल र आमाको नाम धनेश्वरीदेवी हो । हलो जोत्दाजोत्दै हैजाका कारण बाबु दुबीलालको मृत्यु भएको थियो । त्यसपछि परिवारको सम्पूर्ण जिम्मेवारी १८ वर्से सेबइलालको काँधमा पर्‍यो ।

त्यस बेला हुनेखाने परिवारका केटाकेटीलाई त पढाइको अवसर दुर्लभ थियो भने चौधरी परिवारका सेबइलालले पढ्न पाउने त कुरै भएन । उनी अघिल्लो दिनको बासी भात खाएर बिहान सबेरै गाईभैंसी चराउन जङ्गल निस्कन्थे । जङ्गलमा बाघ, भालु

र हात्ती देखिन्थे । रूख चढ्नु, अजिङ्गरलाई जिस्क्याउनु, सफा नदीमा पौडी खेल्नु उनका दैनिक काम थिए । सेबइलाल सम्झन्छन्, "नदीमा नुहाउँदा जिउँदै माछा निलिन्थ्यो ।"

लगातार बढेको वनफँडानीप्रति चिन्तित सेबइलालको मन सेतो गाईको घटनाले पूरै परिवर्तन भयो । आफ्नो परिवारका सदस्य र आफन्तलाई समेत मन नपरेको कठिन अठोट पूरा गर्न उनी निरन्तर लागिपरेका हुन् । सर्वप्रथम आफ्नै आँगनमा उम्रेको आँपको बिरुवालाई उजाड ठाउँमा रोपेर उनले आफ्नो अभियान सुरु गरे । नहरका छेउछाउ, स्कुलहाता, खाली पर्ती जग्गा र रूख काटिएका निजी जग्गाहरूमा समेत उनी बिरुवा रोप्दै हिँड्न थाले । आँप, सिसौ, अशोक, सिमल, सिरिस, वर, पीपल आदि विभिन्न जातका बिरुवा उनले रोपे । आफैँले नर्सरी राखेर उनले वृक्षरोपण अभियान चलाए ।

गाउँगाउँमा यसरी बिरुवा रोप्दै हिँडेको देखेर दुईथरी प्रतिक्रिया आए । एकथरी सेबइलालका सहयोगी भए । उनीहरू उनको प्रशंसा गर्थे । बिरुवा ल्याइदिन्थे । आफ्ना आफन्तका नाममा रोपिदिनु भनी अनुरोध पनि गर्थे । अर्काथरी 'बूढो पागल भएछ' भन्थे ।

जसले जे भने पनि सेबइलाल अविचलित रहे । सुनसरीका विभिन्न गाउँमा मात्र होइन मोरङ, सिरहा, सप्तरी, इलाम, धनकुटालगायतका पूर्वका विभिन्न जिल्ला तथा काठमाडौँ र पोखरामा समेत उनले वृक्षरोपण गरे । आफूले वृक्षरोपण गरेका ठाउँमा उनले संरक्षणको व्यवस्था पनि मिलाएका छन् । पछि वन कार्यालयहरूले पनि उनको अभियानमा साथ दिन थाले । सेबइलालले रोपेका रूखले अहिले धेरै ठाउँमा हरियाली जङ्गलको रूप लिइसकेका छन् ।

वि.सं. २०३६ सालदेखि वि.सं. २०५५ सालसम्म सेबइलाल अति सक्रियताका साथ आफ्नो हरियाली अभियानमा लागिपरे । वि.सं. २०५६ देखि २०६१ सम्म उनी अस्वस्थ रहे । निको भएपछि फेरि उनी सक्रिय भएका छन् । खाली जग्गा जहाँ भेटे पनि बिरुवा रोप्न थालिहाल्छन् ।

असीबर्षे सेबइलाल क्षयरोगबाट पीडित छन् । तर अझै उनको उत्साह र जाँगरमा कुनै कमी आएको छैन । आफैँले हुर्काएका बिरुवाको छहारीमा सुस्ताउँदा उनी आनन्द मान्ने गर्छन् । उनी तिनै रूखबिरुवाका पातबाट झरेको शीतको कञ्चन पानीको पोखरीमा नुहाउन चाहन्छन् ।

■ ■ ■

# कुशल प्रशासक कुलशेखर शर्मा

1069



प्रशासन चलाउने मान्छेलाई प्रशासक भनिन्छ । संस्थालाई राम्ररी चलाउन प्रशासक कुशल हुनुपर्छ ।

देशका विभिन्न जिम्मेवारीमा रहेर राम्रोसँग काम गरेका कुलशेखर शर्मालाई एक कुशल प्रशासकका रूपमा लिइन्छ । उनले मुख्यसचिव, संसद्सचिव, राजदूतलगायतका कार्यभार कुशलतापूर्वक सम्हालेका थिए ।

कुलशेखर शर्माको जन्म वि.सं. १९८२ साल पुसमा काठमाडौँको डिल्लीबजारमा भएको थियो । उनका बाबुको नाम मोदनाथ शर्मा र आमाको नाम मीनकुमारीदेवी हो । उनका बुबा धार्मिक प्रवृत्तिका थिए । त्यसैले छबर्से कुलशेखरलाई पनि सँगै लिएर मोदनाथ परिवार भारतको अयोध्यामा तीर्थवास गए ।

अयोध्यामा उनीहरू कुर्मनारायण भन्ने नेपाली मन्दिरमा बस्थे । जङ्गबहादुरकी बुहारी राजकुमारीदेवीले त्यस मन्दिरको निर्माण गरेकी थिइन् । राजकुमारीदेवीको देहान्तपछि शर्मा परिवारले नै उक्त मन्दिरको रेखदेख गर्दै आएका छन् ।

अयोध्यानगरीमा शर्माको बालककाल बित्यो । त्यहींबाट उनको शिक्षादीक्षा सुरु भयो । सानैदेखि उनी पढाइमा राम्रा थिए । उनी कक्षाका उत्कृष्ट विद्यार्थीमा पर्थे । उनी नजिकैको सरयू नदीमा पौडी खेल्थे । पच्चीस माइलसम्मको दूरी दौडेरै पूरा गर्न सक्थे । उनले लखनउ विश्वविद्यालयबाट अर्थशास्त्रमा उच्च अध्ययन पूरा गरे ।

वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि बनेको अन्तरिम सरकारमा बी.पी. कोइराला गृहमन्त्री थिए । कोइरालाको सचिवमा कुलशेखर शर्मा नियुक्त भए । वि.सं. २००८ सालमा संसदीय प्रबन्ध मन्त्रालयको सचिवमा नियुक्त भएपछि शर्माको प्रशासन सेवा सुरु भएको थियो । पछि उनले शिक्षा मन्त्रालय, भूमिसुधारलगायत संसद् सचिवालयको सचिव भएर पनि काम गरे । उनले वि.सं. २०२३ सालमा मुख्य सचिव तथा २०२५ सालमा अमेरिका तथा क्यानडाका लागि राजदूत भएर पनि काम गरे ।

राजदूत हुँदा उनले अमेरिका र नेपालको सम्बन्ध सुधार तथा सहयोग जुटाउने थुप्रै काम गरे । त्यही बेला अमेरिकी उपराष्ट्रपति एग्न्युको नेपाल भ्रमण पनि भएको थियो । उनी वि.सं. २०३० सालदेखि २०३५ सालसम्म नेपाल राष्ट्र बैङ्कको गभर्नर पनि भए ।

धेरै जिम्मेवारी सम्हालेका शर्मा खुब इमानदार मानिन्छन् । उनले कहिल्यै देशको पैसा हिनामिना गरेनन् । अरूलाई पनि गर्न दिएनन् ।

राष्ट्रबैङ्कको गभर्नरको पदावधि सकिएपछि अवकाशप्राप्त जीवन बिताइरहेका शर्मा विभिन्न सङ्घसंस्थामा क्रियाशील छन् । एकीकृत विकास पद्धति (आई.डी.एस), ट्रान्सपरेन्सी इन्टरनेसनल, प्रशासन सुधार आयोग, गीता समुदय प्रकाशनजस्ता थुप्रै सङ्घसंस्थामा उनको संलग्नता छ ।

कामको सिलसिलामा शर्माले थुप्रै सम्मान र पुरस्कार पाएका छन् । धेरै देश घुमेर उनले आर्थिक र सामाजिक विषयमा प्रशस्तै अन्तर्राष्ट्रिय अनुभवहरू पनि सँगालेका छन् ।

असी वर्षको उमेरमा पनि कुलशेखर शर्मा अध्ययन र लेखपढमा अहोरात्र खटिरहन्छन् ।

AC-1069
C2